म्याग्दे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
छाङ्, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्या : ०७५।७६
चलानी नं. २५८
मिति : २०७५।०६।२२

विषय : परिपत्र सन्बन्धमा ।

श्री वडा कार्यालय सवै
म्याग्दे गाउँ कार्यपालिकाको कार्यालय, तनहुँ ।

प्रस्तुत विषयमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण आवास, वस्ती विकास तथा स्थानीय पुर्वाधार महाशाखाको च.नं. ७ मिति २०७५/०४/३० को पत्र यसै पत्र साथ संलग्न राखी कार्यान्वयनका लागि पठाइएकोले व्यहोरा अनुरोध छ ।

दयाराम तिवारी
प्रमुख प्रशासकीय अधिकृत

दयाराम तिवारी
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री योजना शाखा म्याग्दे गाउँपालिका
श्री भुकम्प शाखा म्याग्दे गाउँपालिका
श्री सुचना प्रविधि शाखा, Upload गर्नुहुन गरिदिनुहुन ।

नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

## आवास, बस्ती विकास तथा स्थानीय पूर्वाधार महाशाखा

प.स. २०७५/०७६
च.नं. ०८

सिंहदरवार, काठमाडौं
फोन: ०१-४२११५३५
मिति: २०७५।०४।३०

श्री भूकम्प प्रभावित ३२ जिल्लाहरुका स्थानीय तह – सबै ।

विषय : परिपत्र ।

उपरोक्त सम्बन्धमा "भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि (पहिलो संसोधन), २०७३" को अनुसूची - १ को बुँदा नं (१२) मा सार्वजनिक जग्गाको सरकारी र वन क्षेत्रको जग्गा बाहेक विभिन्न किसिमका गुठी, विर्ता र गुठी अधिनस्थ जग्गा, मोही लागेको जग्गा, स्ववासी, वेनिस्सा, गाउँ ब्लक, कोदाली, आँकडा, विरौटा, उखडा समेतका जग्गामा भई घर क्षति भएका लाभग्राहीका हकमा निज बसोबासीसँग घरबास भएको जग्गाको भोग सम्बन्धी कुनै निस्सा, रसिद वा पुर्जी भए सो निस्सा, रसिद वा पुर्जीको आधारमा स्थानीय तहले गरिदिएको सिफारिश र त्यस्तो निस्सा रसिद वा पुर्जी नभएको अवस्थामा सोही व्यहोराको सिफारिश एवं क्षतिग्रस्त घरबास भएको जग्गाको कम्तिमा दुई जना संधियारहरुले घरबास भएको, भोगचलन गरेको हो भनी गरिदिएको सर्जमिन मुचुल्काका आधारमा त्यस्ता घरधनी लाभग्राहीसँग घर निर्माण अनुदान सम्झौता गर्न सकिने छ। तर यस्तो सम्झौतालाई जग्गा दर्ताको प्रमाणको रुपमा लिइने छैन। भूकम्प प्रभावित ३१ जिल्लामा हालै गठन भएका नयाँ नगरपालिकाहरुमा भूकम्प प्रभावित लाभग्राहीले निर्माण गर्ने निजी आवासको हकमा घरहरुको लम्बाई, चौडाई, उचाई, साइट प्लान, सडकको अधिकार क्षेत्रभित्र (**Right of way**) बाट दुरी लगायत विवरणहरु पेश गरी घर निर्माण स्वीकृतिका लागि दिइएको निवेदन न.पा. ले अभिलेखीकरण गरी निर्माण गर्न स्वीकृति दिने छ । यस सम्बन्धी अन्य व्यवस्था अनुसूची - ६ बमोजिम हुने छ" भन्ने व्यवस्था भएको व्यहोरा अवगत नै छ ।

कतिपय स्थानीय तहहरुमा भूकम्प पिडित लाभग्राहीहरुका नाममा घर निर्माण गर्न स्वीकृति नपाएको भन्ने बुझिन आएकोले उपरोक्तानुसारको अवस्थामा घर निर्माण स्वीकृतिको लागि दिईएको निवेदन स्थानीय तहले अभिलेखीकरण गरी घर निर्माण गर्न स्वीकृति प्रदान गरी भूकम्प पिडितहरुको निजी आवास पुनर्निर्माण कार्यमा सहयोग गरिदिनुहुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७५।०४।३० को निर्णयानुसार अनुरोध छ ।

साथै उक्त अनुसूची -१ को बुँदा नं १२ को प्रतिलिपि यसै पत्रसाथ संलग्न छ ।

प्रकाश थापा
सहसचिव

श्री योजना + भूकम्प शाखा

२०७५।६।२५

म्याग्दे गाउँपालिका, तनहुँ
दर्ता नं. ८८
मिति २०७५।५।२२

"(१०) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक जग्गा, वन क्षेत्र र सरकारी जग्गा अतिक्रमण गरी बनाईएका घर क्षति भई लाभग्राही सूचीमा परेका लाभग्राहीको हकमा एकासगोलका घर परिवारको नेपालभर अन्यत्र जग्गा नभएको अवस्थामा घडेरी खरिद गर्न प्राधिकरणले तोकिएको प्रक्रिया पूरा गरी अनुदान स्वरूप दुई लाख रूपैंया उपलब्ध गराईनेछ। तर त्यस्तो लाभग्राहीले हाल उपभोग गरिरहेको स्थान प्रयोग गर्न पाउने छैन।"

(११) जोखिमयुक्त वस्ती स्थानान्तरण गर्नुपर्ने भनी यकिन भएका घरधनीलाई वस्ती स्थानान्तरण गर्न प्राप्त गरिएको जग्गामा घर बनाउन यस कार्यविधि बमोजिम अनुदान दिईने छ।

(१२) सार्वजनिक जग्गाको सरकारी र वन क्षेत्रको जग्गा वाहेक विभिन्न किसिमका गुठी, विर्ता र गुठी अधिनस्थ जग्गा, मोही लागेको जग्गा, स्ववासी, वेनिस्सा, गाउँ ब्लक, कोदाली, औँकडा, विटौरी, उखडा समेतका जग्गामा भई घर क्षति भएका लाभग्राहीका हकमा निज बसोबासीसँग घरबास भएको जग्गाको भोगसम्बन्धी कुनै निस्सा, रसिद वा पूर्जी भए सो निस्सा रसिद वा पूर्जीको आधारमा स्थानीय तहले गरिदिएको सिफारिश र त्यस्तो निस्सा रसिद वा पूर्जी नभएको अवस्थामा सोही व्यहोराको सिफारिश एवं क्षतिग्रस्त घरवास भएको जग्गाको कम्तिमा दुई जना सँधियारहरूले घरवास भएको, भोग चलन गरेको हो भनी गरिदिएको सर्जमिन मुचुल्काका आधारमा त्यस्ता घरधनी लाभग्राहीसँग घर निर्माण अनुदान सम्झौता गर्न सकिनेछ। तर यस्तो सम्झौतालाई जग्गा दर्ताको प्रमाणको रूपमा लिइने छैन। भूकम्प प्रभावित ३१ जिल्लामा हालै गठन भएका नयाँ नगरपालिकाहरूमा भूकम्प प्रभावित लाभग्राहीले निर्माण गर्ने निजी आवासको हकमा घरहरूको लम्बाई, चौडाई, उचाई, साइट प्लान, सडकको अधिकार क्षेत्रभित्र (Right of way) बाट दूरी लगायत विवरणहरू पेश गरी घर निर्माण स्वीकृतिका लागि दिइएको निवेदन न.पा.ले अभिलेखीकरण गरी निर्माण गर्न स्वीकृति दिनेछ। यस सम्बन्धित अन्य व्यवस्था अनुसूची -६ बमोजिम हुनेछ।



अनुसूची-२ पहिलो संशोधनबाट झिकिएको

अनुसूची-३ पहिलो संशोधनबाट झिकिएको

अनुसूची-४ पहिलो संशोधनबाट झिकिएको

अनुसूची-५ पहिलो संशोधनबाट झिकिएको

# अनुसूची - ६

## अनुसूची -१ को बुँदा नं. १२.सँग सम्बन्धित

अनुदान सम्झौताका दौरानमा आएका विभिन्न प्रकृतिका गुनासाहरूको विश्लेषण गरी अनुदान सम्झौतामा रहेका विभिन्न अस्पष्टताहरूलाई निम्नानुसार गर्ने ।

लाभग्राहीको सूचीमा नाम भएको र आफैं आउन सक्ने तथा घर बनाउने जग्गा पनि आफ्नै नाममा भएको व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाण पूर्जा (लालपूर्जा) र सर्वेक्षणको निस्सा लिएर आएको अवस्थामा अनुदान सम्झौता हुन सक्नेछ । अन्य अवस्थामा निम्नबमोजिम हुनेछ ।

| | | | |
|---|---|---|---|
| २. | लाभग्राहीको सूचीमा नाम भएको, घरमा भएको तर आफैं आउन नसक्ने, जग्गाधनी पूर्जा (लालपूर्जा) आफ्नै नाममा भएको | यस्तो अवस्थामा एकाघर परिवारको सदस्यलाई प्रतिनिधि तोक्न सक्नेछ । | प्रतिनिधि तोकेको फाराम, दुवैजनाको नागरिकताको प्रमाणपत्र, लालपूर्जा, सर्वेक्षणको निस्सा र स्थानीय तहको सिफारिश र मुचुल्का । |
| ३. | लाभग्राहीको सूचीमा नाम भएको तर यहाँ नभएर बाहिर भएको र श्रीमान वा श्रीमती सम्झौताको लागि आएको | प्रतिनिधि तोकेको फाराममा दुवैजनाले सही गरेको हुनुपर्ने, यसका अतिरिक्त दुवैजनाको नागरिकताको प्रमाणपत्र र सर्वेक्षणको निस्सा पेश गरेको अवस्थामा प्रतिनिधिले अनुदान सम्झौतामा हस्ताक्षर गर्न सकिनेछ । | प्रतिनिधि तोकेको फाराम, दुवैजनाको नागरिकताको प्रमाणपत्र, लालपूर्जा र सर्वेक्षणको निस्सा । |
| ४. | लाभग्राहीको सूचीमा नाम भएको तर भोगचलन गर्दै आएको जग्गाको लालपूर्जा नभएको | यस्तो अवस्थामा जिल्ला नापी कार्यालयबाट नापी गराई लालपूर्जा लिएर आएपछि अनुदान सम्झौता हुन सक्नेछ । यसको लागि जग्गा प्राप्ति र जग्गा दर्ता सम्बन्धी छुट्टै कार्यविधि बमोजिम हुनेछ । | नागरिकताको प्रमाणपत्र, सर्वेक्षणको निस्सा र लालपूर्जा, |
| ५. | आफ्नो नाम पहिलो घरधनीको रूपमा भएको, एउटा छोरा वा छोराहरूको नाम दोश्रो, तेश्रो घरधनीको रूपमा भएको, अंशवण्डा प्रष्ट नभएको | यस्तो अवस्थामा पहिलो लाभग्राहीको रूपमा नाम दर्ता रहेको व्यक्तिले अनुदान सम्झौता गर्न सक्ने । दोश्रो, तेश्रो घरधनीको रूपमा नाम रहेको व्यक्तिको केही दावी विरोध भएमा गुनासोमा जान सक्ने र वैशाख १२ भन्दा पहिला नै अंशवण्डा भएको हकमा कागजपत्र प्रमाण पूरा गरेको हकमा छुट्टै अनुदान सम्झौता हुन सक्ने अन्यथा एउटै मात्र अनुदान सम्झौता हुन सक्ने । | नागरिकताको प्रमाणपत्र, सर्वेक्षणको निस्सा र अंशवण्डा भएको कागज । |

| | | | |
|---|---|---|---|
| ६. | लाभग्राहीको सूचीमा नाम भएको तर गुठीको रूपमा दर्ता भएको जग्गा स्वप्रयोजनको लागि प्रयोग गर्न चाहेको | सम्बन्धित लाभग्राहीको नाममा जग्गा दर्ता छ भने सबै कागजात पेश गरेको खण्डमा तत्काल अनुदान सम्झौता हुन सक्ने । गुठीकै रूपमा मात्र जग्गा दर्ता रहेको अवस्थामा गुठी संस्थानको सिफारिशको वा स्थानीय तहको सिफारिश र मुचुल्काको आधारमा हुने । | नागरिकताको प्रमाणपत्र, सर्वेक्षणको निस्सा, लालपूर्जा र स्थानीय तहको सिफारिश र मुचुल्का । |
| ७. | दुईवटा जोडिएको घरको छाना एउटै भन्ने जस्तो देखी दुईवटा घरलाई लाभग्राहीको सूचीमा पहिलो र दोश्रो घरधनीको रूपमा राखिएको | त्यस्तो अवस्थामा पहिलो घरधनीको रूपमा आएको लाभग्राहीले आवश्यक कागजपत्र पेश गरी अनुदान सम्झौता गर्न सक्ने । दोश्रो घरधनीले समेत घरजग्गाको स्वामित्व रहेको बेग्लै कागजात पेश गरेको खण्डमा अनुदान सम्झौता हुन सक्ने । गुनासोमा दर्ता गराई आवश्यक कागजात र प्रमाणपत्र पूरा भएपछि अनुदान सम्झौता गर्न सक्ने । | नागरिकता, सर्वेक्षणको निस्सा, लालपूर्जा । |
| ८. | श्रीमान/श्रीमतीको हकमा श्रीमानले श्रीमतीको वा श्रीमतीले श्रीमानको प्रतिनिधि बस्नुपर्ने अवस्था | श्रीमानले श्रीमतीलाई वा श्रीमतीले श्रीमानलाई प्रतिनिधि तोकी प्रतिनिधि तोकेको फाराममा हस्ताक्षर भएको अवस्थामा अनुदान सम्झौता हुन सक्ने । | प्रतिनिधि तोकेको फाराम, दुवैजनाको नागरिकताको प्रमाणपत्र, लालपूर्जा र सर्वेक्षणको निस्सा । |



| | | | |
|---|---|---|---|
| ९. | एउटै घरमा एकभन्दा बढी व्यक्तिको स्वामित्व रहेको | दुवैजनासँग अनुदान सम्झौता हुनेछ वा एकले अर्कोलाई प्रतिनिधि तोक्न सक्नेछ । | नागरिकता, सर्वेक्षणको निस्सा र लालपूर्जा । |
| १०. | घरक्षति भएर ढल्यो तर पछि घर बनाउँदा त्यही ठाउँमा बनाउनु पर्छ वा पर्दैन | यस्तो अवस्थामा आफ्नो जग्गामा घर बनाउन पाइन्छ । नजिकको अर्को कित्तामा पनि घर बनाउन पाइन्छ, त्यही कित्तामा पनि जग्गा खाली छ भने घर बनाउन पाइन्छ र छिमेकी गाउँपालिकामा पनि घर बनाउन पाइन्छ । त्यस्तै सम्बन्धित जिल्लाभित्र आफ्-नो नाममा रहेको अन्य कुनै पनि जग्गामा घर बनाउन पाइन्छ । | लालपूर्जा, नागरिकता र सर्वेक्षणको निस्सा । |
| ११. | गाउँब्लकको नै जग्गा दर्ता नभएको वा जग्गाको लालपूर्जा नभएको खण्डमा | यस्तो अवस्थालाई सम्बोधन गर्न, भूकम्प प्रभावित संरचनाको पुनर्निर्माणको लागि जग्गा प्राप्ति सम्बन्धी कार्यविधि जारी भएको छ । सो कार्यविधि अनुसार जग्गा दर्ताको प्रक्रिया अगाडि बढाई दर्ता भई लालपूर्जा जारी भएपछि वा स्थानीय तहको सिफारिश र मुचुल्काको आधारमा मात्र अनुदान सम्झौतामा हस्ताक्षर हुन सक्ने । | पहिला जग्गा दर्ता गर्न दिएको निवेदन भए सो को निस्सा । |

| | | | |
|---|---|---|---|
| १२. | बाबुको नाम अथवा दाजुको नाम पहिलो लाभग्राहीको रूपमा र छोराको अथवा भाईको नाम दोश्रो लाभग्राहीको रूपमा भएको तर अंशवण्डा भई वेग्लावेग्लै बसेको आवश्यक कागजात भएको अवस्था। | यस्तो अवस्थामा पहिलो लाभग्राहीले अनुदान सम्झौता गर्न सक्ने। दोश्रो लाभग्राहीले गुनासोमा दर्ता गराई वैशाख १२ गते भन्दा अगाडि नै अंशवण्डा भैसकेको हो भने अंशवण्डाको कागजात पेश गरेर प्रमाणित भएमा पुनर्निर्माण गर्नुपर्ने घरको हकमा दुवैजनाले अनुदान पाउन सक्नेछन्। | लालपूर्जा, नागरिकता र सर्वेक्षणको निस्सा र अंशवण्डा भएको कागज। |
| १३. | भूकम्प अघि कागजात भएको, लाभग्राहीको सूचीमा पनि नाम भएको तर भूकम्पको कारणले वा अन्य कुनै कारणले नागरिकता अथवा लालपूर्जा हराएको अथवा नस्ट भएको अवस्था | सम्बन्धित कार्यालयबाट प्रतिलिपि कागजातहरू प्राप्त गरी अनुदान सम्झौता पत्रमा हस्ताक्षर गर्न सक्नेछन्। | लालपूर्जा, नागरिकता र सर्वेक्षणको निस्सा। |
| १४. | घर भएको स्थानमा पहिरो गई वा अन्य भौगोलिक, भौगर्भिक कारणले जग्गा प्रयोग गर्न नमिल्ने भएको, स्थानान्तरण गर्नुपर्ने भएको खण्डमा | यस्तो अवस्थामा स्थानान्तरण गर्न तथा जग्गा प्राप्त गर्न "भूकम्प प्रभावित संरचनाको पुनर्निर्माणको लागि जग्गा प्राप्ति सम्बन्धी कार्यविधि" अनुसार गर्न सकिन्छ र हाललाई गुनासोको रूपमा दर्ता गर्न सकिनेछ। | लालपूर्जा, नागरिकता र सर्वेक्षणको निस्सा। |
| १५. | सर्वेक्षणको निस्सा भएको तर लाभग्राहीको सूचीमा नाम नआएको | यस्तो अवस्थामा घर धनीले गुनासोको रूपमा दर्ता गर्न सक्छन् तर सर्वेक्षणको विस्तृत विवरण हेरेर सो निश्चित गरेपछि लाभग्राहीको सूचीमा पर्न सक्ने हो अथवा पर्न नसक्ने हो निक्र्यौल गरेपछि सोही अनुसार जानकारी हुनेछ। गुनासो दर्ता गर्दैमा लाभग्राहीको सूचीमा पर्नैपर्छ भन्ने हुँदैन। | लालपूर्जा, नागरिकता र सर्वेक्षणको निस्सा। |
| १६. | भूकम्पले क्षतिग्रस्त भएको घर आफ्नै नाममा भएको तर सर्वेक्षणमै नाम छुटेको | त्यस्तो अवस्थामा गुनासोमा दर्ता गराउन सकिन्छ र त्यसको लागि पछि गाउँ सरजमिनबाट घर सर्वेक्षण गर्न छुटेको हो भन्ने प्रमाणित भई आएको खण्डमा थप सम्बोधनका लागि माथिल्लो निकायमा पेश हुने र सर्वेक्षण हुन सक्ने। | लालपूर्जा, नागरिकताको प्रमाणपत्र र सरजमिन मुचुल्का। |
| १७. | सर्वेक्षण निस्सा र लाभग्राही नामावलीमा नाम, थर फरक भएको र परिवार संख्यामा फरक परेको | सर्वेक्षणमा भएको त्रुटीले यस्तो भएको हुनसक्दछ। नाता प्रमाण वा नागरिकताबाट सही नाम खुलेको अवस्थामा अनुदान सम्झौता हुन सक्नेछ। | लालपूर्जा, नागरिकता र सर्वेक्षणको निस्सा, नाता प्रमाण वा नाम थर खुल्ने अन्य कागजपत्र। |